नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
सञ्चारग्राम, तिलगंगा, काठमाडौं

मिति : २०७७/५/२८

च. नं. १८६

## संविधान दिवस (राष्ट्रिय दिवस) मनाउने सम्बन्धमा सम्पूर्ण विद्युतीय माध्यमका सञ्चार प्रतिष्ठानहरुलाई अनुरोध

२०७७ असोज २, ३ र ४ गते संविधान दिवस (राष्ट्रिय दिवस) भव्य र हर्षोल्लासका साथ मनाउन सम्बन्धित सबै विद्युतीय सञ्चार प्रतिष्ठान (टेलिभिजन, रेडियो, अनलाइन पत्रपत्रिका) लाई देहाय बमोजिम गर्न गराउन हुन सूचना तथा प्रसारण विभाग हार्दिक अनुरोध गर्दछ ।

१. **"संविधान दिवस (राष्ट्रिय दिवस) हर्षोल्लासका साथ मनाऔं, घर घरमा राष्ट्रिय झण्डा फहराऔं"** स्लोगन प्रचार प्रसार गर्ने,
२. २०७७ साल असोज २, ३ र ४ गते सम्पूर्ण नागरिकहरुका घर घरमा राष्ट्रिय झण्डा फहराई दीप प्रज्वलन गर्न अनुरोध गर्ने,
३. २०७७ असोज ३ गते विभिन्न मठ, मन्दिर, चर्च, मस्जिद, बुद्ध बिहार, गुरुद्वार लगायतका स्थानहरुमा नित्य पूजा पाठ वा प्रार्थना गर्दा राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता र संविधानका लागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात सहिदहरुको आत्माको चीरशान्तिका लागि श्रद्धाञ्जली प्रकट गर्दै पूजा, पाठ वा प्रार्थना गर्ने समाचार सम्प्रेषण गरिदिनुहुन ।

साथै, विद्युतीय सञ्चार प्रतिष्ठानहरुले संविधानको बहुपक्षीय आयामलाई उजागर गर्न संविधानको बहुपक्षीय आयामको बारेमा परिसंवाद/संवाद लगायतका जनचेतनामूलक कार्यक्रम प्रसारण गर्ने व्यवस्थाका लागि समेत अनुरोध छ ।

इश्वर राज दाहाल
निर्देशक

**बोधार्थ:**
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं ।
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

फोन: ४११२७१७, ४११२५५१, ४११२७५३, फ्याक्स : ४११२६५२, वेवसाइड: www.doinepal.gov.np

D:\2077_78\Letter head.doc